ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY




न्यायामले मष्तिष्कलाई फाइदा

❑ वर्ष-११ ❑ अङ्क-१७, २०७६ भदौं २१ गते, शनिबार (Sept. 7, 2019 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६

# कञ्चनरूप नगरपालिका वाल मैत्री नगर घोषणा

उत्तम आचर्य



कञ्चनपुर /सप्तरी कञ्चनरुप नगरपालिकालाई बालमर्त्री नगर घोषणा गरिएको छ।

नेपालकै तेश्रो तथा प्रदेश नं. २ को पहिलो बालमैत्री नगर भएको छ। गत भाद्र १९ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले भव्य समारोहको विच घोषणा गरे।

नगरपालिकाले स्थानीय तहको पूर्नसंरचना अघि वि।सं। २०७१ सालदेखि नै बालमैत्री स्थानीय शासन अवलम्बन गरी निरन्तर बालबालिकाको अधिकारको क्षेत्रमा कार्य गरिहेको छ। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति एवं कार्यान्वयन कार्यविधि २०६८ अनुसार बालमैत्री नगर घोषणा गर्नका लागि ३९ ओटा सूचक मा तोकिए बमोजिमको नतिजा प्राप्त गर्नुपर्ने हुन्छ। जसमध्ये १६ ओटा तहगत खुड्किलाहरुमा कार्य गर्दै १७ ओटा सूचकमा सत प्रतिशत र २२ ओटा सूचकमा ८० प्रतिशत नतिजा प्राप्त गरेर बालमैत्री नगर घोषणा पश्चातको दिगोपनको लागि रणनीतिक योजना तयार भएपश्चात मात्र बालमैत्री घोषणा गर्न सकिने प्रावधान छ।

कञ्चनरुप नगरपालिकाका प्रमुख बसन्तकुमार मिश्रका अनुसार बालमैत्री नगर घोषणा हुनु भनेको उक्त स्थानमा राम राज्य हुनु र उक्त स्थानमा बालअधिकारको सवालमा सबै काम गरेर सकिनु भन्ने चाहिँ होइन, बालअधिकारलाई प्राथमिकतामा राखी कार्य गर्नु

*बाँकी अन्तिम पृष्ठमा*

## उदयपुरमा लागु औषध विरूद्धको ३ महिने अभियान

उदयपुर/ 'अपराध रहित समाज निर्माणका लागि, नगरदेखि घर-घर' भन्ने मुल नाराको साथ उदयपुको त्रियुगा नगरपालिकामा लागु औषध विरुद्धको तीन महिने अभियान सुरु भएको छ। शुक्रबार अभियानको घोषणा भएको हो।

त्रियुगा नगरपालिका र समुदाय प्रहरी साझेदारीको आयोजना तथा नागरिक समाज, पत्रकार, गैसस महासंघ, त्रियुगा उद्योग बाणिज्य संघ र म अघि बढ्छु सगमाथा टिम्स क्लव प्रदेश सरकार सहकार्यमा पहिलो पटक २१ दिन देखि तीन महिनासम्म अभियान संचालन हुने छ।

लागु औषध दुर्व्यसनिले देशको भविष्यलाई नै विग्रार्ने भएकाले सवै सचेत भई समाजबाट निर्मूल पार्नु पर्ने प्रहरी नायव महानिरिक्षक (डिआईजी) १ नम्बर प्रदेश प्रमुख ठाकुरप्रसाद ज्ञवालीले बताए। लागु औषधमा समातेर मुद्दा चलाउनु कानुनि दायरामा ल्याई थुन्नु मन नभएको डिआईजी ज्ञवालीले बताए।

यस अभियानलाई सफल बनाउन सवैको उतिकै साथ सहयोगको आवश्यता भएकाले समाज परिवर्तन गर्नका लागि तन मन लागएर सवै पक्ष लाग्नु पर्ने डिआईजी ज्ञवालीले बताए।

नगरपालिकाले देखेको सपना र गरेको परिकल्पना नगर सभाले पारीत गरेकाले अव वडा(वडाबाट लागु हुने त्रियुगा नगरपालिकाका मेयर बलदेव चौधरीले बताए।

आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔं, अरुलाई पनि बाल श्रम प्रयोग नगर्न सूचित गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि
अगाडी फोन नं.: ०३१-५५०१८७

## कञ्चनरूप . . .

भएको बताएका छन् ।

घोषणा सभालाई सम्बोधन गर्दै सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले धर्मको आवरणमा हुने अपराध सह्य नहुने बतएका छन ।

हिन्दु धर्म प्रतिको आस्थामा आँच आउन नदिन समेत सरकार सजग र संवेदनशिल रहेको दावी समेत उनले गरेका छन ।

गाई सार्ने क्रममा नेपालगञ्जमा गाईहरु मरेको घटनाको छानविन सरकारले सुरु गरेको जानकारी दिदै उनले भने दोषीलाई मानिसको हत्या सरह कारवाही हुने छ ।

करिव छ महिना अगाडि विराटनगरका धर्मगुरु माथि भएको गोलि प्रहार उनले आफै गर्न लगाएको छानविनबाट पुष्टि भएको घटना भै नेपालगञ्ज घटना पनि त्यस्तै हुन सक्ने आशंका समेत मन्त्री पण्डितले गरे ।

दुई छिमेकी देशको विचमा रहेर पनि नेपालले आर्थिक क्षेत्रमा फड्को मारिरहेको भन्दै उनले देशमा संघीयता कार्यन्वयनमा आए पनि प्रारम्भिक चरणमै रहेको र स्थानिय, प्रादेशिक, संघिय सरकारले देशलाई समृद्ध बनाउदै विश्व सामु नयाँ पहिचान कायम गर्न सफल भईरहेको दावि समेत गरे । केन्द्रिकृत संरचनाबाट प्रादेशिक संरचनामा जाने देश मध्ये नेपाल पहिलो रहेको तर्क समेत उनले गरे । संघिय लोकातान्त्रीक गणतन्त्र फाल्न सकिन्छ कि भन्ने दिवास्वप्न देख्नेहरुको सपना पुरा नहुने भन्दै उनले भने– फालिएको राजतन्त्र अब फर्केर आउँदैन ।

आफ्नो कर्मभुमि प्रदेश नं १ रहे पनि जन्मभुमि प्रदेश नं। २ रहेकाले संघिय सरकार मार्फत तराई मधेश समृधि कार्यक्रम आफैले ल्याउन लगाएको दावि समेत उनले गरे । गतवर्ष ५ अर्ब रकम विशेष कार्यक्रम मार्फत तराई मधेशको विकास निमार्णको काममा खर्च भएको र चालु आथिर्क बर्षमा सो रकममा बृद्धि गरि ७ अर्व ५५ करोड पुऱ्याईएको जानकारी समेत उनले दिए । कञ्चनरुप नगरपालिकाको विकासका लागी ८ करोड २५ लाख रकम संघीय सरकारले उपलब्ध गराईएको र यो बर्ष थप बजेट पठाउने जानकारी समेत उनले दिए ।

स्थानिय तहरुबाट गुणस्तरीय र लगानि अनुसारको प्रतिफल आउने काम हुनुपर्नेमा जोड दिदै मन्त्री पण्डितले स्थानियतहमा हुने अनियमितता र भ्रष्टाचारको छानविन गर्ने जिम्मेवारी सरकाले अख्तीयारलाई दिईएको बताए । उनले भनेभ्रष्टाचारीलाई दण्डित गर्न सरकार तयार छ ।

तिहार सम्ममा ९ हजार १ सय ६१ कर्मचारी भर्ना हुने र थप ६ हजार कर्मचारी भर्नाकालागी संघिय सरकारले लोकसेवा आयोगलाई पत्राचार गरिसकेको जानकारी समेत उनले दिए ।

सोही कार्यमक्रमा बोल्दै राष्ट्रियसभा सदस्य सुमनराज प्याकुरेलले वालवालिकाको विकासबाटै देशको विकास हुने धारणा प्रकट गरे । प्रदेश नं २ मा सामंन्तवादको अबशेष कायमै रहेको र भ्रष्टाचार मौलाएको आरोप समेत उनले लगाए ।

सोही क्षेत्रमा निर्वाचित प्रतिनिधिसभा सदस्य डा. सुर्यनारायण यादवले बालबालिकाहरु सबैभन्दा बढि उपेक्षीत रहेकाले उनीहरुलाई अगाडि बढाउन र उनीहरु भित्र रहेको प्रतिभाको प्रस्फुटन हुन दिनुपर्नेमा जोड दिए । प्रतिनिधिसभा सदस्य तथा नेकपा सप्तरीकी नेतृ सरिता गीरीले बालबिवाहको अत्य गर्न सबै लाग्नुपर्नेमा जोड दिइन । कञ्चनरुप नगरपाकिाका नगरप्रमुख बसन्तकुमार मिश्रको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा मन्त्री पण्डितले कञ्चनरुप नगरपालिका बालमैत्रि नगरको रुपमा घोषित भएको धोषणा गर्दै संधीय सरकारको तर्फबाट कदरपत्र समेत प्रदान गरे ।

नगरपालिकामा ११ हजार ४५ घरधुरी रहेको छ । ५५ हजार २ सय ६६ कुल जनसंख्या रहेको यस नगरपलिकामा १८ बर्ष मुनिका बालबालिकाको संख्या भने २० हजार ५ सय ९८ रहेको छ ।


## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल, मोटरसाइकल, गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

**प्रो.केदार श्रेष्ठ**

माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१

## सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

**हाम्रा सेवाहरूः**

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरूवाल कोट पेन्ट, कुर्ता सुरूवाल, लेङगा, ट्प्स लेडिज गाउनलगायतका सामान हरू सुफत मुल्यमा उपलब्ध गराइन्छ।

**जेके स्टोर सप्तकोसी १ फत्तेपुर**

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३




## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरुः**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

- डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ
- डा.अनिता बर्मा, जनरल फिजिसियन
- डा. बद्रीप्रसाद भट्टराई
- डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
- डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

**स्पोर्ट सेवाहरुः**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।




एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।*

**माता मनकामना पोलिक्लिनिक**



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरुः**

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**बिशेषज्ञ डाक्टर**

- डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




**जनसेवा पोलिक्लिनिक प्रा.लि**

सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०


**प्रमुख सल्लाहकार**ः डा.महेन्द्र विष्ट, **सल्लाहकार**ः प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com,* **मुद्रण**ः शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY साप्ताहिक

प्रकाशकीय...........

## दीर्घकालिन योजना बनाऔं

सप्तरीको सप्तकोसी नगरपालिकामा पर्ने सखुवनी, बोचीलगायत क्षेत्रका मानिसहरू त्रियुगा नदिमा आउने बाढीबाट मात्र पीडित छैनन् , नदिमा बाँध बाध्न आएको बजेट झ्वाम पार्नेहरूबाटसमेत सधैं पीडित हुदै आएका छन् । गत असार २८ गते आएको बाढीले सप्तकोसी नगरपालिका-३ स्थित सखुवनीमा बनाएको बाँध भत्काए पछि त्यस क्षेत्रका बासिन्दा खतरामा परेका छन् । बाँध बाध्न बजेत आयो तर मिलेमतोमा कमसल बाँध बाधे पछि उनीहरूको खतरा टरेन ।

त्यहाँबाट कति मानिसहरू बसाई छाडेका छन् । लालपूर्जा घरमा राखेर खेत भने बगरमा परिणत भएका दृष्य हेरेर जीवन विताउन धेरै छन् । सरकारले यहाँको क्षेत्रमा बाध बाध्नका लागि बार्षिक रूपमा लाखौं बजेट दिने भए पछि उक्त बजेट राम्ररी सदुपयोग नगर्दा उनीहरूको समस्या टर्ने गरेको छैन् । विगतमा राज्य सिंह दरवारमा थियो । उनीहरूको कुरा सुनुवाई हुदैन थियो । अहिले सरकार आँगन मै छ । र पनि समस्या जस्ताको तस्तै हुनु विडम्बना हो ।

सखुवनी क्षेत्रमा बनाइएको बाध भत्किएको छ । उपभोक्ता समिति मार्फत भएका काममा गुणस्तरहीन सामग्रीको प्रयोग गरिएको र तारजाली, ढुङ्गा र माटोको परिमाण पनि लगत स्टिमेटभन्दा घटाइएकाले बाँध कमजोर भएको स्थानीयको आरोप छ । सरकारले यो बाँधको विषयमा छानविन गरि अनियमितता गर्नेहरूलाई कारवाही गर्नु पर्दछ । सखुवनी क्षेत्रका स्थानीयहरूको समस्या स्थायी रूपमा समाधान हुने दीर्घकालिन योजना तय गरेर स्थानीय सरकारले संघसँग समन्वय गरी काम गनु वाञ्छानिय हुने छ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩ सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# भ्रमण वर्षमा मधेशलाई कसरी समेट्ने ?

संगीता रेग्मी

नेपालले सन् २०२० लाई 'भिजिट नेपाल' वर्षको रूपमा मनाउने निर्णय गरेर त्यसको तयारी अगाडि बढाइरहेको छ । एक वर्षमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सुरू गरिएको 'भिजिट नेपाल' अभियान विभिन्न बाधा र व्यवधान झेल्दै बिस्तारै अगाडि बढिरहेको छ । देशभरी घुम्नपर्ने ठाउँहरूको नाम सार्वजनिक गर्नु, त्यस ठाउँमा जानका लागि हवाई र सडक मार्गको जानकारी संकलन गर्नु, विभिन्न देशहरूमा भ्रमण वर्षको विषयमा केन्द्रित भई मेला, उत्सव, महोत्सवहरूको आयोजना गर्नु, बासस्थानको लागि होटेल, लजको व्यवस्था कस्तो छ भनेर होटेर व्यवयासीहरूसँग छलफल गर्नु, विभिन्न निजी क्षेत्रलाई पनि समेटेर अगाडि बढ्ने योजना बनाउनु जस्ता काम भ्रमण वर्षलाई लक्षित गरी पर्यटन मन्त्रालय र खल्थ ९ख्क्ष्त ल्भउबा थ्भबच० संस्थाले गर्दै आएको छ ।

प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् । मुख्यत: मनोरञ्जनका लागि पर्यटकहरू यहाँ आएता पनि धार्मिक र ऐतिहासिक स्थलहरूको बारेमा जानकारी लिन, राजनीतिक व्यवस्थामा भएको परिवर्तनको विषयमा बुझ्न, खोज तथा अनुसन्धानको गर्नका साथै हाम्रो संस्कृति र पुरात्ताविक वस्तुहरूलाई हेर्नको लागि बढी पर्यटन आउने गरेका हुन । प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् । पर्यटकहरूले यहाँबाट उत्पादित वस्तुहरू चिनोको रूपमा पनि लैजान्छन्, जसबाट पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा थप टेवा पुग्ने गरेको छ भने त्यस्ता सामाग्रीको बजार पनि प्रबर्द्धन हुने गरेको छ ।

२०७६/७७ को बजेटमा संघीय सरकारले पर्यटन क्षेत्र विकासका लागि २ अर्ब ६८ करोड बजेट विनियोजन गरेको छ भने साहसिक पर्यटन गतन्व्यको रूपमा विश्वमा स्थापित गरिने गरी विभिन्न कार्यक्रमहरू पनि बजेटमा समेटिएको छ । यो बजेट पर्यटनको प्रचार प्रसार र प्रवर्द्धन गर्नका लागि साथै पर्वतारोहण पर्यटन, धार्मिक पर्यटन, साहासिक पर्यटन, सांस्कृतिक पर्यटन जस्ता थुपै विधाको विकास गर्न यो बजेट छुट्याइएको छ । संघीय व्यवस्था अपनाइसकेको हाम्रो मुलकले स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा पर्यटन क्षेत्रको विकास गर्न सक्ने हो भने त्यसबाट देश



विकासका लागि आधार तय हुन सक्ने निश्चित छ ।

तराई/मधेश र विशेष गरी प्रदेश २ पर्यटकीय स्थलहरू र पर्यटनका सम्भावनाहरूको धनी क्षेत्र हो । झापादेखि कञ्चनपुरसम्म दर्जनौं चर्चित पर्यटकीय स्थलहरू रहेका छन् । झापाको कन्काई धाम कोटीहोम, अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र, सतासीधाम, इलामको चियाबारी, सुनसरीको भेडेटार र कोशी टप्पु वन्यजन्तु आरक्ष हुन् । त्यस्तै प्रदेश २ मा पर्ने जनकपुरधाम, छिन्नमस्ता, पर्सा बन्यजस्तु आरक्षण, धनुषसागर, गंगासागर, चितवनको चितवन राष्टि्रय निकुञ्ज, प्रदेश ५ अन्तर्गत लुम्बिनी, सिद्धबाबा धाम कैलाली कञ्चनपुरमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष आदि तराई/मधेशमा पर्ने पर्यटकीय हिसाबले महत्वपूर्ण स्थानहरू हुन् ।

हिमाली तथा पहाडी जिल्लामा पर्यटन व्यवसायबाट स्थानीय जनताले राम्रो आम्दानी गर्न थालिसकेको परिप्रेक्षमा मधेशमा त्यो संस्कृतिको अझ राम्ररी विकास हुन सकेको पाइदैन । घुम्न आएका पर्यटकलाई आफ्नो ठाउँमा कसरी टिकाउने र उनीहरूलाई मनोरञ्जन दिएर कसरी आफ्नै ठाउँमा खर्च गर्न लगाउने भन्ने विषयमा न त स्थानीय जनताले सोचेको पाईन्छ न पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले नै ठोस कदम चालेको देखिन्छ ।

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि भन्दै जेठ ४ गतेदेखि लुम्बिनी भ्रमण वर्ष आरम्भ भयो । संघीय सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्षको पूर्वतयारीस्वरूप प्रदेश ५ सरकारले भ्रमण वर्ष २०७६ घोषणा गरेको होरू। भ्रमण वर्षका लागि प्रदेश सरकारले ४ करोड १९ लाख बजेट विनियोजन समेत गरेको छ तर लुम्बिनी घुम्न आएका पर्यटक त्यहाँ नबसेर भारतको बिहार लगायतका स्थानमा रात बिताउन किन जान्छन् भन्ने विषयमा प्रदेश सरकारको ध्यान जान जरूरी छ । लुम्बिनी विकास कोषका अनुसार सन् २०१८ मा १६ लाखभन्दा धेरै पर्यटक मायादेवी मन्दिर प्रवेश गरे । त्यसमध्ये ५ प्रतिशतले मात्र लुम्बिनीमा रात बिताउने गरेको पाइएको छ । लुम्बिनी विकास कोष भित्र रहेको तीन वर्ग माइल क्षेत्रभित्र बुद्धसँग सम्बन्धित पुरातात्विक स्थलहरू रहेका छन् छन् । केन्द्रीय नहरको दायाँबायाँ विभिन्न मुलुकका बिहार छन् । स्तुपा र अशोक स्तम्भ घुमिसकेपछि त्यहाँ भन्दा अन्य ठाउँमा जानका लागि न कुनै सवारी साधनको सुविधा छ न अन्यन्त्र घुमेर समय बिताउने ठाउँ नै छ ॥ यतातिर प्रदेश सरकारको ध्यान जान आवश्यक छ ।

लुम्बिनी पछि प्रदेश २ मा पर्ने जनकपुर धार्मिक हिसाबले महत्वपूर्ण पर्यटकीय स्थान हो । भारतबाट मात्र हजारौं पर्यटक यहाँ आउने गरेका छन् । उनीहरूलाई जनकपुर लगायत प्रदेश २ का अन्य स्थानहरू घुमाउन सकेमा कत्तिमा २ दिन यहीँ टिकाउन सकिन्छ तर उनीहरू बिहान आएर बेलुका फकर्ने गरेको पाईन्छ । जनकपुरमा बासस्थानको मुख्य समस्या रहेको देखिन्छ । आफूले खाजेको जस्तो होटेल, लजको व्यवस्था नहुने भएपछि अधिकांश पर्यटकहरू त्यहाँ नबसी अयन्त्र ठाउँमा जाने गरेका छन् । जनकपुर बाहेक प्रदेश २ को बाराको गढीमाई मन्दिर, रौतहटको शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर, छिन्नामस्ता, जलेश्वर मन्दिर जस्ता धेरै धार्मिक स्थलहरू यहाँ रहेका छन् । प्रदेश २ सरकारले धार्मिक पर्यटनलाई मात्र प्रबर्द्धन गर्न सक्ने हो भने यो प्रदेश एउटा नमुना प्रदेशको रूपमा विकास हुनसक्छ तर यो क्षेत्रको विकासका लागि न संघीय सरकारले ध्यान दिएको पाईन्छ न प्रदेश सरकारले नै ध्यान दिएको छ ।

ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्तित्वक दस्तावेजले बाराको सिम्रौनगढलाई इतिहासको खुल्ला संग्रहालयको रूपमा लिने गरिएको छरू। बलि नचढाइने संसारकै एकमात्र हिन्दु धर्मावलम्बीको शक्तिपीठको नामले परिचित कंकाली मन्दिर यसै क्षेत्रमा पर्छ । १२ औं शताव्दीमा तत्कालीन राजा शिवसिंहद्वारा निर्माण गरिएको महत्वपूर्ण राष्टि्रय सम्पदा रानीबास मन्दिरले पनि आफ्नो छुट्टै पहिचान बोकेको छरू। राष्टूकै सबभन्दा ठूलो पोखरा '५२ बिघा झरौखर पोखरा'ले पनि यसलाई थप रौनकता प्रदान गरेको छ । यस नगरकै हरिहरपुरमा अवस्थित एक विशाल पत्थरको बाकसको आफ्नै रहस्यमय सन्दर्भ छरू। यस्तो ऐतिहासिक स्थल सिम्रौनगढलाई प्रदेश २ सरकारले राजनीतिक गर्ने थलोको रूपमा प्रयोग मात्र गर्ने गरिन्छ । पर्यटन वर्ष २०२० लाई ध्यानमा राखेर पर्यटन बोर्डले कात्तिकमा सार्वजनिक गरेको घुम्नैपर्ने स्थानहरूको सूचीमा सिम्रौनगढ पनि पर्दछ । सिम्रौनगढ जस्तो ऐतिहासिक ठाउँको विकास र प्रचारप्रसारमा कुनै कमि हुन दिनुहुँदैन ।

लहानमा रहेको फुलबारीमा एउटा यस्तो फुल छ जुन वैशाख १ गते मात्र फुल्ने गर्छ र त्यो दिन त्यहाँ ठूलो मेला लाग्ने गर्छ त्यो ठाउँको प्रचारप्रसार कहिल्यै भएको सुनिदैंन । यदि त्यो ठाउँको प्रचार हुने हो भने मधेशको पर्यटनको लागि एउटा कोशेढुंगा सावित हुनसक्छ । त्यही सप्तरीमा रहेको स्वम्भुनाथमा रहेको शिवको मुर्ती दिनानुदिन बढ्दै जान्छ भन्ने पनि किम्बदन्ती रहेको छ । त्यहाँ वैशाखको पहिलो सातादेखि १ महिना मेला लाग्छ । तराई मधेशमा यस्ता धेरै स्थानहरू रहेका छन् जसको आजसम्म न कुनै प्रचारप्रसार भएको छ घुम्न चाहनेहरूले आफैं खोजेर वा आफन्तको सहायताले त्यस्ता ठाउँहरू पुग्ने गर्छन् । मधेशमा यस्ता धेरै पर्यटकीय स्थलहरू छन् जो पर्यटकको पर्खाइमा बर्षौदेखि बसिरहेका छन् अब त्यस्ता पर्यटकीय स्थनाहरूको खोजी गर्ने समय आएको छ । प्रचारप्रसारमा ध्यान दिने र पूर्वाधार विकासमा केही पहल गर्ने हो भने मधेशका पर्यटकीय स्थानहरूले नेपाल भ्रमण वर्ष २०२० मा ठूलो योगदान दिनसक्छ । *(मधेश दर्पण*

# दैनिक व्यायामले मष्तिष्कलाई फाइदा



दैनिक १० मिनेटको हल्का व्यायामले मष्तिष्कलाई तन्दुरूस्त बनाउने एक अध्ययनबाट पत्ता लागेको छ । यसले मष्तिष्कको विभिन्न भागलाई सञ्चार गराई समन्वय गरेर स्मृति प्रक्रियामा सुधार गर्छ । एक न्युरोलोजिकल अध्ययनका अनुसार आफ्नो मष्तिष्क स्वस्थ राख्न लामो तथा तीव्र व्यायामको आवश्यकता पर्दैन र त्यसको असर हामीले सोचेभन्दा धेरै पर्ने देखिन्छ ।

व्यायामले हाम्रो दिमाग र मष्तिष्कलाई परिवर्तन गर्छ । विभिन्न नतिजाले यसको पुष्टि भइरहेको छ । मुसाहरूमा गरिएको अध्ययनअनुसार जनावर जब पाङ्ग्रा वा ट्रेडमिलमा कुद्छन् व्यायाम नगरेकोभन्दा पनि धेरै मष्तिष्क कोषिका विकास हुन्छन् । धेरै नयाँ कोषिका हिप्पोक्याम्पसमा विभाजन हुन्छन् । हिप्पोक्याम्पस भनेको मष्तिष्कमा रहेको एक भाग हो जुन स्मृति निर्माण र भण्डारणको लागि आवश्यक हुन्छ ।

त्यसैगरी क्रियाशील जनावरहरू सिकाइ र स्मृतिमा पनि राम्रो प्रदर्शन गर्दछन् । विभिन्न अघिल्लो अध्ययनले पनि जो नियमित व्यायाम गर्छन् । उनीहरूको हिप्पोक्याम्पस स्वस्थ्य र फराकिलो भएको देखाएका छन् । विभिन्न अध्ययहरूले हामीले केही नगर्दा र एक छिनको व्यायामले फरक पार्ने बताएका छन् । हल्का व्यायामले एकाग्र र राम्रो सिकाइको लागि मद्दत गर्ने देखाएका छन् । एउटै सजिलो व्यायामले पनि मष्तिष्कलाई परिवर्तन गर्न सक्छ । युनिर्भसिटी अफ क्यालिफोर्निया र युनिर्भसिटी अफ सुकोबा जापानको प्रोसेडिङ्ग्स अफ द नेसनल एकडेमी अफ साइसेन्जले सेप्टेम्बरमा स्वस्थ्य विद्यार्थीहरूलाई एउटा समूहमा राख्यो । जो नियमित कलेज आउँछन्, उनीहरूलाई समूहमा राखिएको थियो । वैज्ञानिकहरूले ३६ जना विद्यार्थीलाई प्रयोगशालामा स्थिर साइकलमा १० मिनेट बस्न लगाए र अर्को चोटी विस्तारै साइकलको प्याडेल हान्न लगाए । प्रत्येक स्वयंसेवकको अधिकतम हृदय दरको ३० प्रतिशत व्यायाम गराइएको थियो । व्यायाम एकदम सजिलो थियो ।

व्यायाम छोटो केवल १० मिनेटका लागि मात्र थियो । त्यो दुईवटा सेसनका बीचमा विद्याथीलाई विभिन्न चित्र तथा एउटै चित्र देखाउँदै कम्प्युटरमा स्मृति परीक्षण गरियो । विद्यार्थीहरूले बटम थिचेर एउटै चित्र वा फरक चित्र देखेँ भनेर जनाउँथे । परीक्षण गाह्रो थियो किनकी धेरै चित्रहरू उस्तै उस्तै देखिन्थे । त्यसका लागि दिमाग छिटो छिटो चलाउनुपर्ने थियो कि चित्र एउटै हो कि नयाँ भनेर ।

त्यसपछि अर्को चरणमा यस्तै परीक्षण गरियो । एउटा बाइक चलाउने र अर्को बस्ने मात्र । अनि स्मृति परीक्षण पनि गरियो । यसमा चाहिँ मष्तिष्क परीक्षणका लागि एमआरआई मेसिन प्रयोग गरियो । त्यसपछि अध्ययनकर्ताहरूले नतिजा तुलना गरे । जसले साइकल चलाएका थिए, उनीहरूको स्मृति राम्रो भएको पाइयो । व्यायाम गरेका व्यक्तिहरूको स्मृति राम्रो पाइयो ।

यस अध्ययनका सिनियर लेखक माइकल यसा भन्छन् त्यति छोटो समयमा गरिएको हल्का व्यायामले पनि यत्ति छिटो प्रभाव पार्ने रहेछ छक्क पर्‍यौं । उनी भन्छन्, 'अध्ययनले के देखायो भने हल्का व्यायामले मान्छेको मष्तिष्क र दिमागलाई एकैछिनमा परिवर्तन गर्ने रहेछ । १ हप्ते लामो व्यायाम नै जरूरी हुनुपर्ने भन्ने भएन ।' कसरी हल्का व्यायामले मष्तिष्क सञ्चालनमा प्रभाव पर्न गयो अझै थाहा भइसकेको छैन तर माइकल र उनका साथीहरूले के शङ्का गरेका छन् भने हार्मोन लेभल र रगतको प्रवाहमा परिवर्तन आउनाले त्यसो भएको हो । उनीहरूले भविष्यमा यो विषयलाई अझै अध्ययन गरी युवा र वृद्धमा कस्तो असर पार्छ भनेर हेर्ने विश्वास लिएका छन् । उनले भने, 'हामीले म्याराथनको कुरा गरेका होइनौं, मानिसले आफ्नो स्मृति राम्रो बनाउनका लागि छोटो समयको हिँडाइ तथा योगको कुनै सजिलो आसन प्रयोग गर्न सक्छन् ।' *(एजेन्सी)*

## योगका फाइदा

शारीरिक व्यायाम तथा विभिन्न आसनहरूको माध्यमबाट स्वास्थ्य समस्या रोकथाम गर्न सकिने प्रभावकारी उपचार विधि हो, योग । यसको सहयोगले कुनै पनि रोग लाग्दैन र र लागिसकेका रोगसमेत औषधिको प्रयोगविनै निर्मूल गर्न सकिन्छ । लाखौं मानिसको दैनिक क्रियाकलाप समेत बनिसकेको योग जुनसुकै उमेर समूहका मानिसले पनि सजिलै गर्न सक्छन्न् ।

योगका विभिन्न आसनहरू छन् जसका कुनै बेफाइदा वा नकारात्मक असर छैनन् । तर कुन रोग वा कुन समस्याका लागि के आसन गर्नुपर्छ भन्ने बुझ्न जरुरी छ। सामान्य जानकारी नलिई योग गर्दा समस्या पनि आउनसक्छ।

- शारीरिक र मानसिक स्वास्थ्यका लागि अत्यन्त उपयोगी मानिन्छ ।
- नसर्ने रोगहरुको रोकथाममा प्रभावकारी तथा रोग लागिसकेपछि निर्मूल पार्न सकिन्छ ।
- यो जीवनशैली व्यवस्थापनमा सहयोगी छ।
- डर, चिन्ता, तनाव एवं मानसिक विकारबाट छुटकारा मद्दत गर्छ ।
- आधुनिक जीवनशैलीका कारण निम्तिएका विभिन्न रोगहरूले गर्दा परेको आर्थिक भार न्यूनीकरण गर्न सकिन्छ ।
- स्थान र समयका हिसाबले पनि पायक पर्ने किसिमले अपनाउन सकिन्छ ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ । विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला ।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ । समय राम्रो छैन । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला ।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला । समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला ।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ । मन दोधार होला ।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला ।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।समय मध्यम खालको छ ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

# सहकारी ऐनका कमजोरी र सुधारको बाटो

**रामचन्द्र उप्रेती**

सहकारी ऐन २०७४ आयो। नियमावली २०७६ मा आयो। यो ऐन ल्याउन निकै सकस भएको थियो। धेरै सकस पछि आएको यो ऐनको संशोधन हुनु पर्ने कुरा उठेको छ। जुन स्वभाविक छ। सहकारी ऐन २०७४ बनाउने बेलाको बहस कसरी सहकारीको विकास गर्न सकिन्छ भन्नेमा थिएन। कसरी सहकारी नियन्त्रण गर्न सकिन्छ भन्नेमा थियो। सहकारी विनाका सहकारी नेतालाई कुरा बुझाउन सजिलो थिएन, छैन। कतिपय नेताका भएका सहकारी पनि कम्पनि जसरी चलेका छन्। तिनले सदस्य चिन्दैनन्। परिवार चिन्छन्, आफन्त चिन्छन्। आफूले जागिर खान, सहकारी नेता बन्न, पैसा कमाउन र विदेश भ्रमण गर्न सहकारी सञ्चालन गरेका छन्। उनीहरुले आफूले जे गरेको छ त्यसलाई ऐनले सुरक्षा गरि दिओस् भन्ने चाहेका थिए।

विशेष गरि सरकारी मानिसमा निजिक्षेत्रको प्रभाव बढी नै भएको जस्तो देखिन्थ्यो। त्यसैले तिनीहरु राज्यको खुकुलो अवस्थाको मौका छोपेर धुर्तहरुले विगारेको सहकारीलाई उदाहरण देखाएर सहकारीलाई निम्छरो बनाएर एकदमै साँगुरो भुमिकामा खुम्च्याउन चाहन्थे। यी दुवै पक्षाको सहमतिको दस्तावेजको रुपमा आएको सहकारी ऐन २०७४ पुर्ण नभएकाले संशोधन हुनु जरुरी छ।

यो ऐनले मुलतः बचत तथा ऋृण सहकारी संघसंस्थालाई मात्रै चिन्छ। अर्थात साकोस लेखेका सहकारीले मात्रै बचत ऋृणको कारोवार गर्न पाउनु पर्छ अरु कि त नाम परिवर्तन गर कि त बन्दगर भन्छ। साकोसवालाहरुको केन्द्रिय निकाय नेपाल बचत तथा ऋृण केन्द्रिय संघ(नेप्स्कोन)का नेताहरुको दर्शनले भन्छ साकोसले बचत ऋृण बाहेकको काम गर्नु हुदैन। किनकि अरु व्यवसायमा जोखिम धेरै छ।

सहकारी ऐन २०७४ को दफा ४७ : २ ले भन्छ बचत तथा ऋृणको मुख्य कारोवार गर्ने गरि दर्ता भएका बाहेकका सहकारीले बचत ऋृणको कारोवार गर्न पाउने छैनन्। यो दफा लागु हुँदा अहिलेका सबै बहुउद्देश्यीय र साना किसान सहकारी या त बन्द हुनुपर्छ या त नाम परिवर्तन गरेर सबैले साकोस बनाउनु पर्छ। त्यसपछि तिनले ऋृण बचतको मात्रै काम गर्नुपर्छ। उत्पादन, उद्योग, कृषि र अन्य सेवाका क्षेत्रमा जानु हुदैन भन्ने बर्तमान नेप्स्कुन नेताहरुको दर्शनले अब सहकारीको क्षेत्र खुम्च्याएको छ। उता संविधानले भन्दा देशको अर्थतन्त्र तिन खम्बे हुन्छ। सरकारी, निजि र सहकारी। समाजवाद उन्मुख संविधान अन्तर्गत बनेको सहकारी ऐनलाई बचत ऋृणको कारोवारमा सिमित गर्ने कसकसको चाहना हो र किन ? बुझ्न नसकिने विषय बनेको छ।

ऐनको दफा ९मा धेरै सहकारी संस्था मिलेर विशिष्टिकृत सहकारी बनाउन सकिने र त्यसले व्यवसाय गर्ने भनियो तर यस्तो विशिष्टिकृत सहकारी बनाउन न्युनतम् २५ सहकारी हुनुपर्ने प्रावधान ऐनमा राखियो यो आफैमा आवश्यक होइन। सहकारीको संख्या घटाउने, मर्ज गर्ने, गुणस्तर बृद्धि गर्ने भन्ने तर व्यवसाय गर्ने सहकारी बनाउन २५ संस्था चाहिने प्रावधानले सहयोग गर्दैन। त्यसैले न्युनतम् ५ सहकारी संस्था मिलेर यस्तो संघ बनाउन सक्ने प्रावधान हुन आवश्यक छ। यस्तो संघले गर्न पाउने, सक्ने र हुने कुरा भनेर सिमित गरिएको छ। यो बन्देज आवश्यक छैन। कस्ता व्यवसाय गर्ने त्यो कानुनले हुदैन, नगर्नु भनेका बाहेक सबै गर्न पाउनु पर्ने प्रावधान हुनुपर्छ। सरकारले तोकेको प्राथमिक क्षेत्रमा काम गर्ने हो भने अनुदान देउ नत्र नदेउ। तर सहकारीले गर्ने व्यावसाय यो मात्रै हो भनेर तोक्नु सहकारी नबुझ्नु वा सहकारी लाई न्याय नगर्नु हो।

बतच ऋृणको कारोवारलाई पनि सिमित गर्ने प्रयास गरिएको छ। सहकारीमा सदस्यले राख्ने बचतको सिमा तोक्ने प्रावधान राखिएको छ। सहकारीका सदस्यले पान नम्बर लिएर सञ्चालन गरेका सबैखाले व्यवसायको कारोवार सहकारीमा गर्न नपाउने गरि बन्देज लगाईएको छ। ऐनको आसय सहकारीका सदस्य (प्राकृतिक व्यक्ति)ले गर्ने सिमित कारोवार मात्रै गर्ने अनुमति दिन्छ। सरकारको नीतिले भन्छ व्यक्तिले गर्ने नगद कारोवारको सिमा घटाउनु पर्छ, घटाउदै पनि लगिएको छ। यो स्वभाविकै हो। पैसाको कारोवार व्यवसायमा हुन्छ। व्यवसायमा हुने नगदको कारोवार बैंक मार्फत गरिनु पर्छ भन्ने कुरा सही छ। कर्मचारीको भुक्तानि, समान तथा सेवा खरिद बिक्रिको भुक्तानि प्राप्ति व्यवसायले बैंकबाटै गर्नु पर्छ भन्ने मान्यता स्थापित हुदैछ, गर्नुपर्छ। तर सहकारीमा यस्ता कुनै व्यवसायको कारोवार गर्ने गरि खाता खोल्न कारोवार गर्न ऐनले अनुमति दिदैन। सहकारीका खाताबाट भएको कारोवारको मान्यता नदिने अवस्था आउदैन भन्न सकिन्न। त्यसो भए अर्थतन्त्रका तिन खम्बा भध्येको सहकारी खम्बा हुने हो कि नाममात्रको लहरो ? सहकारी चाहिदैन भन्नेहरुका लागि र निजि क्षेत्रलाई सहकारी व्यवसायको कारण असजिलो महशुस गर्नेका लागि त ठिकै हुन सक्छ। विशेष गरि बैंक तथा वित्तिय संस्थाहरुले सहकारीका कारण बैंकमा तरलताको अभाव भएको, कर्जा लगानि गर्न समस्या भएको भनेर लविङ गर्नेहरुको आवाज बलियो भएको हो कि ?

मुलुक संघिय ढाचामा गयो। यसको कार्यन्वयन तिब्रगतिमा भईरहेको छ। यसै क्रममा मुलुकमा भएका ७६३ वटा ( तिन तहका गरेर) सरकारले सहकारी ऐन बनाउने काम भईरहेको छ। आधार संघिय सहकारी ऐन २०७४ लाई बनाईएको छ। प्रदेशमा बन्ने कानुनहरुलाई अझै संकुचित बनाईदैछ। प्रदेश नम्बर १ मा प्रस्तुत भएको विधेयकमा सहकारीलाई वार्षिक नविकरण गरिनु पर्ने प्रावधान राखिएको छ। सदस्यको बचतको सिमा सदस्यले किनेको शेयरको १५ गुणा बनाईएको छ। अर्थात रु.१ हजारको शेयर किनेको सदस्यले बढीमा रु १५ मात्र संस्थामा बचत गर्न पाउने छन्। यी र यस्ता कैयौं प्रावधान छन् जसको कारण सहकारीलाई एकदमै संकुचित बनाउने प्रयास जानेर वा नजानेर गरिदैछ। भनिन्छ सहकारीका नाममा सिमित सञ्चालकले मनोमानी गरे। सदस्यको पैसाको दुरुपयोग गरे। आदि आदि। हाम्रो जस्तो समाजमा धेरथोर गल्ति जुनसुकै क्षेत्रमा हुन्छ। त्यसलाई सुधार गर्न, गलत गर्नेलाई कानुन अनुसार कार्वाही गर्न त सरकार छ। सरकारले सहकारीको क्षेत्रलाई सुधार, नियमन र विकास गर्नुको सट्टा निषेधको नीति अपनाउनु हुदैन। गल्ति गर्नेका विरुद्ध कठोर बन्न सक्नुपर्छ।

सहकारीमा पुँजि निर्माणको पहिलो आधार भनेको सदस्यहरुले संस्थामा खरिद गरेको शेयरपुँजि र सदस्यबाट नियमित संकलन गरिने बचत हो। यसरी निर्माण भएको पुँजि परिचालनका लागि सदस्यलाई कर्जा लगानि गर्ने सहकारी संस्थालाई टिकाउने पहिलो आधार हो। यस्तो कारोवार बचत तथा ऋृण सहकारी बाहेककाले गर्न नपाउने भन्नु सहकारी नबुझ्नु हो। सहकारीको कारोवार बृद्धि हुदै जादा र नाफा कमाउदै जाँदा संस्थागत पुँजि निर्माण हुन्छ र क्रमशः बढदै जान्छ। सहकारी संस्थामा भएको संस्थागत पुँजि (मुलतः जगेडा कोष) र शदस्यले खरिद गरेको शेयर पुँजिको जोड संस्थाको प्राथमिक पुँजि कोष हो। संस्थामा भएको प्राथमिक पुँजिकोष संस्थाको व्यवसाय गर्ने पहिलो पुँजि हो। यस्तो पुँजि कुन कुन व्यवसायमा कतिकति लगाउने भन्ने संस्थाले निर्णय गरेर फरकफरक व्यवसायमा लगाउने बाटो ऐनले खोल्नु पर्छ। बहुउद्देश्यीय तथा कृषि सहकारी संघसंस्थाले यस्तो पुँजिकोषमा भएको रकमको बढीमा ५० प्रतिशतसम्म रकम परिचालन गरेर बचत ऋृणको कारोवार गर्न पाउने व्यवस्था हुनै पर्छ। बाँकि ५० प्रतिशत रकम अन्य सेवा र उत्पादनका क्षेत्रमा लगाउनु पर्ने अनिवार्य व्यवस्था गर्न सकिन्छ। यसो गर्दा बहुउद्देश्यीय र कृषि सहकारी संघसंस्थाले आफ्ना सदस्यको वित्तिय आवश्यकता पुरा गर्नुका साथै संस्था टिकाउने र बढाउने बलियो आधार हुन्छ। सरकारले यस्ता सहकारीले गर्ने उत्पादन र अन्य सेवा व्यवसायमा औचित्य हेरी अनुदान र सहयोग गर्न सक्छ तर बचत ऋृणको कारोवारमा नियमन गरे पुग्छ। अनुदान दिन आवश्यक हुदैन। पुँजिकोषको रकम बढदै जादा अन्य व्यवसायमा लगानि बढाउने आधार तयार हुन्छ भने बचत ऋृणको कारोवारको दायर पनि फराकिलो हुदैजान्छ। जस्तै कुनै बहुउद्देश्यीय वा कृषि सहकारी संस्थाको तत्कालको प्राथमिक पुँजिकोषमा रु २ करोड छभने त्यसको ५० प्रतिशत रकम अर्थात १ करोडलाई आधार मानेर बचत ऋृणको कारोवार गर्न सक्छन्। यही सिमालाई आधार मानेर बढीमा १५ गुणासम्म बचल संकलन गर्न सक्छन्। यसैका आधारमा पल्सका सुचाङ्कलाई ध्यानमा राखेर कारोवार गर्छन्। प्राथमिक पुँजिकोषमा भएको अरु १ करोडबाट सदस्यलाई सहज हुने, सदस्यको व्यवसायलाई सघाउ पुग्ने अन्य व्यवसाय गर्न सक्छन्। पाँचवर्ष पछि संस्थाको प्राथमिक पुँजिकोषको रकम बढेर ५ करोड भएछ भने यसको आधारमा बचत ऋृणको कारोवार र अन्य कारोवारमा लगानि छुट्याउन सकिन्छ। यो बाटो ऐनले खोल्नु पर्छ।

बचत तथा ऋृण सहकारी संघसस्थाले पनि संस्थाको प्राथमिक पुँजिकोषको बढीमा ३० प्रतिशतसम्म रकम परिचालन गरेर अन्य सेवा र उत्पादनका व्यवसायमा लगाउने वातावरण बन्नु पर्छ। यसो गर्दा बचत ऋृणका सहकारीले आर्जन गरेको नाफा रकम उत्पादन र अन्य सेवा व्यवसायमा लगानि गर्ने आधार बन्न सक्छ।

धेरै नेताले भाषणमा भन्ने गर्छन् सहकारी उत्पादनमा लाग्नु पर्छ। विशेष गरि कृषि क्षेत्रमा सहकारीले काम गर्नुपर्‍यो। अझ अगाडि बढेर भन्ने गर्छन् सरकार सहयोग गर्न तयार छ, अनुदान दिन तयार छ। यो त भाषण मात्रै हो। सामाजिक खपतका लागि गरिने भाषण। काम गर्न ऐन कानुनले बाटो खोल्नु पर्छ। सबै तहका सरकारले बनाउने ऐन र संघिय सरकारले बनाएको सहकारी ऐन २०७४ को संशोधन गरेर सरकारीलाई सबै प्रकारका सेवा व्यावासय र उत्पादनका क्षेत्रमा ढुक्कले लाग्ने अनुकुल वातावर ऐनमा बनाउनु पर्छ। सरकारले तोकको प्राथमिक क्षेत्र कृषि र कृषिजन्य व्यवसाय उद्योगमा सहकारीले काम गर्न चाहेमा प्रोत्साहित गर्ने, सहयोग र अनुदान उपलव्ध गराउने काम गर्नु उपयुक्त हुन्छ।



# जागिरको लोभ देखाउदैं यौन शोषण गर्ने पक्राउ

सप्तरी / ठगीका अनेक उपाय मानिसहरुले अपनाउछन् । सप्तरीका एक युवा विभिन्न कम्पनिमा जागिरको प्रलोभन दिएर युवतीहरुको यौनशोषण गर्दैं आएको खुलेको छ । उनी दर्जन भन्दा बढि युवतीलाई बलात्कार गरी लुटपाट गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।



लामो समयदेखि प्रहरीको खोजीमा रहेका अग्निसाइर कृष्णासवरण गाउँपालिका-५ का २८ वर्षीय सञ्जीव खड्का नाम बताउने सन्तोषकुमार यादवलाई सप्तरी प्रहरीले पक्राउ गरी गत सोमबार सार्वजनिक गरेको हो ।

रोजगारी डटकममार्फत एनआइसी बैङ्कलगायत विभिन्न गैह्रसरकारी संस्थामा जागिर लगाइदिने भन्दै सम्पर्क गर्न लगाई सन्तोषले धेरै महिलालाई जालमा पारी बलात्कार र लुटपाट गर्ने गरेको इलाका प्रहरी कार्यालय कञ्चनरूपका प्रहरी नायव उपरीक्षक मकेन्द्रकुमार मिश्रले बताए ।

आरोपितविरुद्ध पाँचजनाको उजुरी परेको र मौखिक उजुरी दिने अन्य महिला पनि प्रहरीको सम्पर्कमा रहेको प्रनाउ मिश्रले बताए । सामाजिक सञ्जाल र इमोमार्फत फोन सम्पर्क गरी जागिर लगाइदिने भन्दै विराटनगर बोलाउने यादवले त्यहाँबाट आफ्नो गाउँ लगेर बलात्कार तथा लुटपाट गर्ने गरेको खुलेको छ ।

यादवलाई पक्राउ गर्नुअघि प्रहरीले उनको घरमा छापा मारी लुटिएका युवतीको मोबाइल, नगद र गरगहना बरामद गरिसकेको छ । प्रहरीले यादवको घरबाट लुटिएका महिलाको पर्स, आठवटा मोबाइल, सुन र चाँदीका गरगहना, नगद ३४ हजार, सनराइज बैङ्कको भिसा कार्ड, दुई वटा चेकबुक, आन्तरिक राजश्व विभागको एक पोका स्टिकर, चक्कु, खुकुरी र छुरी बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय कञ्चनरूपका डिएसपी मिश्रका अनुसार यादवले नेपालगञ्ज, सिन्धुपाल्चोक, सोलुखुम्बु, कञ्चनपुरलगायत विभिन्न जिल्लाका युवतीलाई जागिरको प्रलोभनमा फसाई लुटपाट गरेका छन ।

यादवविरुद्ध धेरैवटा उजुरी परेपछि पक्राउको योजना बनाएको सप्तरी प्रहरीले उनलाई पक्राउ गर्नुअघि विभिन्न प्रमाण सङ्कलन गरिसकेको जनाएको छ । प्रहरीले यादवलाई विशेष सूचनाको आधारमा भदौ १४ गते मोरङको बूढीगङ्गा गाउँपालिका-३ नेमुवास्थित डेराबाटै पक्राउ गरेको हो ।

सामाजिक सञ्जालमार्फत युवतीलाई विराटनगर बोलाउने यादवले दिनभरि अल्मल गरी साँझ पार्ने गरेको पीडितले बताएका छन् । साँझ परेपछि ‘विराटनगरको जागिर त खुस्कियो सप्तरीमा एउटा जागिर बाँकी छ, विराटनगरबाट बिहानै पुग्न नसकिने भएकोले अहिले नै जाऊँ भनेर आफ्नो गाउँ ल्याई राति बलात्कार र लुटपाट गर्ने गरेको अनुसन्धानबाट खुलेको डिएसपी मिश्रले जानकारी दिए ।

यादव विगतमा जबरजस्ती करणी उद्योगको मुद्दामा कैद भुक्तान नगरी फरार रहेका अभियुक्तसमेत रहेको पनि खुलेको छ । गत फागुनमा विराटनगरमा एक महिलालाई लुटपाट र जबरजस्ती करणी उद्योग गरेको आरोपमा मोरङ जिल्ला अदालतले उनलाई एक वर्ष ६ दिनको कैद सजाय तोकेकोमा उनी कैद भुक्तान नगरी फरार रहेको डिएसपी मिश्रले बताए ।


## अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

### हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्धारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



**प्रो.पपुलर चौधरी**

**सप्तकोशी डेन्टल क्लिनिक**

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

### हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

### सम्पर्क स्थान

**N/C/ Bose** (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रवसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**चौदण्डी नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रवसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**कञ्चनरुप नगरपालिकाको कार्यलय,**
**२ नं. प्रदेश, सप्तरी**